# नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**निर्देशन नं. १८/०८१**

### सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था

संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी लगायत सम्बद्ध कसुरसँग सम्बन्धित वित्तीय अपराध निवारण गर्ने सम्बन्धमा सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ (यसपछि यस निर्देशनमा "ऐन" भनिएको) र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, **२०८१** (यसपछि यस निर्देशनमा "नियमावली" भनिएको) मा तोकिएका व्यवस्थाहरुका अतिरिक्त थप व्यवस्थाहरु गर्न जरुरी देखिएको हुँदा सोही ऐनको दफा ७ प. र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरेको छ । विषय वा प्रसंगले आवश्यक भएकोमा बाहेक ऐन र नियमावलीमा गरिएका व्यवस्थाहरु यस निर्देशनमा उल्लेख गरिएको छैन ।

१. नीति तथा कार्यविधि बनाउनु पर्ने

सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७ त. को उपदफा (१) बमोजिम लघुवित्त वित्तीय संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण सम्बन्धी नीति तथा कार्यविधि बनाई लागू गर्नु पर्नेछ । यस्तो नीति तथा कार्यविधि बनाउँदा सोही दफाको उपदफा (२) मा तोकिएका व्यवस्थाहरुका अतिरिक्त आन्तरिक जिम्मेवारी तथा कार्य विभाजन, जोखिम मूल्याङ्कन प्रणालीको आधार तथा पद्धति, जोखिममा आधारित ग्राहक पहिचान, अद्यावधिक तथा अनुगमन पद्धति र अस्वाभाविक तथा शंकास्पद कारोबारको पहिचान पद्धति समेत समावेश गर्नु पर्नेछ ।

२. ग्राहक पहिचान तथा सम्पुष्टि गर्नु पर्ने

(१) **ग्राहकको पहिचान तथा सोको सम्पुष्टि गर्दा देहायबमोजिम गर्नुपर्ने** :

(क) **संस्थाले** ऐनको दफा ७क. र नियमावलीको नियम ४ तथा नियम ५ बमोजिम ग्राहकको पहिचान तथा सोको सम्पुष्टि गर्नुपर्नेछ ।

(ख) **ग्राहकको नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणको पहुँचका आधारमा संस्थाले नियमावलीको नियम ३ बमोमिज ग्राहकको पहिचान तथा सम्पुष्टि गर्न सक्नेछ ।**

**ग) विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने**

अ) ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धी नीति तथा कार्यविधि बनाई ग्राहकको पहिचान तथा सोको सम्पुष्टि हुने सुनिश्चितताका आधारमा विद्युतीय माध्यमबाट समेत खाता खोल्न वा व्यावसायिक सम्बन्ध स्थापित गर्न सकिनेछ ।

आ) यस्तो कार्यविधिले विद्युतीय माध्यमबाट प्राप्त गर्न सकिने आवश्यक कागजात तथा विवरणहरुको सूची, सही कागजात तथा विवरणहरू प्राप्त गर्न भरपर्दो विद्युतीय माध्यम र नियमित रुपमा सम्पुष्टि गरिने विधि समेत तय गरेको हुनुपर्नेछ ।

इ) विद्युतीय माध्यमबाट गरिने कारोवारमा हुनसक्ने जोखिम एवं दुरुपयोगबाट सुरक्षित रहन संस्थाले पर्याप्त उपायहरु अवलम्बन गर्नुपर्नेछ ।

**(घ) संस्थाले २०८१ माघ १ गतेदेखि राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणको पहुँचका आधारमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बरको विवरण यकीन गरी अनिवार्य**

**रुपमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बरका आधारमा खाता खोल्ने व्यवस्था मिलाउनुपर्नेछ ।**

(२) लघुवित्त वित्तीय संस्थाले आफ्नो कार्यप्रकृति बमोजिमको ग्राहक स्वीकार प्रक्रिया, ग्राहकको परिचय गर्ने प्रक्रिया, ग्राहकको कारोबारको अनुगमन गर्ने प्रक्रिया र जोखिम व्यवस्थापन सम्बन्धी प्रक्रिया जस्ता विषयमा केन्द्रित भई आफ्नो ग्राहक पहिचान (Know Your Customers) कार्यविधि तयार गर्नु पर्नेछ। साथै, आफ्नो ग्राहकहरु बीचको कारोबारको अभिलेख (इलेक्ट्रोनिक रेकर्ड समेत) कारोबार समाप्त भएको मितिले ५ वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

(३) कुनै प्राकृतिक व्यक्तिको कारोवारमा परिवार वाहेक अन्य कुनै व्यक्ति वास्तविक धनीको रुपमा रहेको शंका लागेमा सोको समेत पहिचान गर्नु पर्नेछ ।

(४) कुनै पनि खातामा सम्बन्धित खाता सञ्चालक बाहेक अन्य कुनै व्यक्तिले रु.१ लाख भन्दा बढी रकम नगदै जम्मा गर्न आएमा रकम जम्मा गर्ने व्यक्तिको पहिचान खुल्ने कागजात लिई नगद जम्मा गर्नुको प्रयोजन समेत खुलाउनु पर्नेछ ।

(५) ग्राहकको खाता खोल्ने सिलसिलामा सूचक संस्थाले सम्बन्धित ग्राहकमा निहित जोखिमको आधारमा देहाय बमोजिमका व्यक्तिहरुको ल्याप्चे सहिछाप वा Bio-Metric लिनु पर्नेछ :

क) प्राकृतिक व्यक्तिको हकमा खातावाला र खाता सञ्चालक व्यक्ति अन्य रहेकोमा निजको समेत । तर, नावालकको हकमा खाता सञ्चालकको मात्र लिन बाधा पर्ने छैन ।

(६) ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा यस निर्देशनको अनुसूची १८.१ मा तोकिएका कागजात तथा विवरणहरु लिनु पर्नेछ । साथै, ऐन, नियमावली तथा यस निर्देशन बमोजिम ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा सम्बन्धित ग्राहकमा निहित जोखिमको आधारमा थप कागजात तथा विवरणहरु लिन आवश्यक देखिएमा सो समेत लिनु पर्नेछ ।

३. सूचीकृत व्यक्ति पहिचान गर्नु पर्ने

**(१) ऐनको परिच्छेद ६ख. बमोजिम प्रकाशन गरिएको सूची तथा नियमावलीको नियम ६९ बमोजिम गृह मन्त्रालयले विभिन्न माध्यमबाट उपलब्ध गराएको व्यक्ति, समूह वा संगठनको सूची वा सो सँग सम्बद्ध कुनै व्यक्ति, समूह वा संगठनसँग आफ्नो कारोबार भए नभएको** यकीन गरी आदेशानुसारको कार्य गर्नु पर्नेछ ।

**(२) सूचिकृत व्यक्ति, समूह वा संगठन वा सोसँग सम्बद्ध व्यक्तिको खाता वा अन्य कुनै रकम संस्थासँग रहेको भएमा तत्काल रोक्का राखी नियमावलीको अनुसूची १० बमोजिमको ढाँचामा यस बैंकको सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखालाई ३ दिनभित्र जानकारी गराउनुपर्नेछ र सोको एक प्रति वित्तीय जानकारी इकाईलाई समेत उपलब्ध गराउनुपर्नेछ ।**

४. उच्च पदस्थ व्यक्तिको पहिचान गर्नु पर्ने

(१) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७ (ख) बमोजिम संस्थाले ग्राहक/सदस्यसँग व्यावसायिक सम्बन्ध स्थापित गर्दा वा कारोवार गर्दा उच्च पदस्थ व्यक्तिको पहिचान गर्ने संन्यत्र/प्रणालीको विकास गर्नु पर्नेछ। यस क्रममा उच्च पदस्थ व्यक्तिको परिवार तथा सम्बद्ध व्यक्तिको समेत पहिचान गर्नु पर्नेछ ।

(२) उच्च पदस्थ व्यक्तिको पहिचान गर्ने प्रक्रियाअन्तर्गत सम्बन्धित व्यक्तिबाट सूचना लिने वा स्वःघोषणा गर्न लगाउने, सार्वजनिक रुपमा उपलब्ध सूचना एवम् व्यावसायिक रुपमा उपलब्ध हुने तथ्याङ्क लाई लिन सकिने छ ।

(३) उच्च पदस्थ व्यक्तिसँग व्यावसायिक सम्बन्ध स्थापना गर्नु पूर्व संस्थाको माथिल्लो व्यवस्थापकीय तहको स्वीकृति लिएर मात्र गर्नु पर्नेछ ।

**(४) २०८१ माघ १ सम्ममा संस्थाले सबै उच्च पदस्थ व्यक्तिको खातामा राष्ट्रिय परिचयपत्रको विवरण अद्यावधिक गर्नुपर्नेछ ।**

५. वास्तविक धनी पहिचान गर्नु पर्ने

लघुवित्त वित्तीय संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७ ग. तथा नियमावली को नियम ६ बमोजिम वास्तविक धनीको पहिचान गर्न संयन्त्रको स्थापना गर्नु पर्नेछ । यसका लागि ग्राहकबाट सूचना लिने वा स्वःघोषणा गर्न लगाउने तथा सार्वजनिक रुपमा उपलब्ध सूचना एवं सामाजिक सञ्जालमा उपलब्ध सूचनाहरुको विश्लेषण गर्ने र प्रचलित कानुन बमोजिम राखिएको अभिलेखबाट सूचना लिने तथा व्यवसायिक रुपमा उपलब्ध तथ्याङ्क (Data Base) लिन सकिने छ ।

६. (क) सरलीकृत ग्राहक पहिचान सम्बन्धी व्यवस्था

लघुवित्त वित्तीय संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७च. तथा नियमावली को नियम ९ बमोजिम तथा कम जोखिमयुक्त ग्राहकको हकमा सरलीकृत ग्राहक पहिचानको प्रक्रिया अवलम्बन गर्न सक्नेछ । यसरी सरलीकृत ग्राहक पहिचान तथा सो को सम्पुष्टि गर्दा सरलीकृत प्रकृया, फाराम र विवरण मात्र प्रयोग गर्नु पर्नेछ ।

(ख) वृहत् ग्राहक पहिचान सम्बन्धमा

ऐनको दफा ७ङ. को उपदफा (१) मा उल्लेख भएका ग्राहकहरुसँग व्यावसायिक सम्बन्ध स्थापना गर्दा वा कारोवार गर्दा नियमावलीको नियम ८ मा उल्लेखित उपायहरुका अतिरिक्त देहायका थप उपायहरु अवलम्बन गरी वृहत् ग्राहक पहिचान पद्धति (Enhanced Customer Due Deligence, ECDD) अवलम्बन गर्नु पर्नेछ ।

(अ) कारोबारको स्रोत पहिचान वा सम्पुष्टि गर्ने ।

(आ) कारोबारको उद्देश्यको जानकारी वा सोको प्रमाण लिने ।

(इ) कारोवारको अनुगमन गर्ने प्रयोजनका लागि सीमा निर्धारण गर्ने वा अन्य कुनै उपाय अवलम्बन गर्ने ।

७. ग्राहक तथा वास्तविक धनी पहिचान अद्यावधिक गर्नु पर्ने

लघुवित्त वित्तीय संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७ छ. को उपदफा (१) बमोजिम विद्यमान ग्राहक तथा वास्तविक धनीको सम्बन्धमा विवरण राखी आवश्यक परेको बखत जुनसुकै समयमा परीक्षण तथा विश्लेषण गर्न वा नियमनकारी निकायले माग गरेको बखत तोकिए बमोजिमको ढाँचामा उपलब्ध गराउन सक्ने गरी जोखिमको आधारमा संस्थाले निर्धारण गरे अनुसारको समय अन्तरालमा पहिचान अद्यावधिक गर्नु पर्नेछ । यसका लागि संस्थाको कुनै पदाधिकारी वा कर्मचारीले ग्राहकको बारेमा प्रत्यक्ष वा अप्रत्यक्ष, औपचारिक वा अनौपचारिक रुपमा प्राप्त गरेको सूचनाको विश्लेषण गरी ग्राहक पहिचानलाई अद्यावधिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

८. जोखिम व्यवस्थापन सम्बन्धमा

(१) लघुवित्त वित्तीय संस्थाले ऐनको दफा ७घ. बमोजिम जोखिमको पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्नु पर्नेछ । यसरी जोखिम मूल्याङ्कन गर्दा लघुवित्त संस्थाले ग्राहक (Customer), सेवा (Product), भौगोलिक क्षेत्र (Geographic Location) तथा सेवा प्रवाह गर्ने माध्यम

(Delivery Channel) लगायत AML/CFT सम्बन्धी जोखिमको पहिचान एवम् विश्लेषण गरी सोको मूल्याङ्कन गर्नु पर्नेछ ।

(२) उपबुँदा नं.(१) बमोजिम पहिचान गरिएको जोखिमलाई उच्च तथा न्यून जोखिममा वर्गीकरण गर्नु पर्नेछ । सम्बन्धित बैंक वा वित्तीय संस्थाले आवश्यकता अनुसार जोखिमको समीक्षाको आधारमा थप वर्गीकरण गर्न सक्नेछन् ।

(३) संस्थाले AML/CFT सम्बन्धी जोखिमको विश्लेषण अद्यावधिक गरी सोही बमोजिम नीति तथा कार्यविधिमा आवश्यक परिमार्जन गर्नु पर्नेछ ।

साथै, संस्थाले जोखिमको मूल्याङ्कन गरेको र उक्त मूल्याङ्कन जोखिम बमोजिम भए/नभएको यकिन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(४) लघुवित्त वित्तीय संस्थाले माथिको बुंदा नं ३ बमोजिमको जोखिम मुल्याङ्कन प्रतिवेदन लघुवित्त संस्था सुपरिवेक्षेण विभागमा आर्थिक वर्ष समाप्त भएको पहिलो त्रयमासभित्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(५) AML/CFT प्रणाली सम्बन्धमा आन्तरिक तथा वाहृय लेखापरीक्षकले जोखिमका आधारमा अनुगमन गर्ने र त्यस्तो अनुगमनमा लक्षित वित्तीय कारबाही, उच्च पदस्थ व्यक्ति, उच्च जोखिम रहेको मुलुक, क्षेत्र तथा उच्च जोखिमयुक्त उत्पादन, उपकरण, सेवा तथा कारोवारको अनुगमन हुने व्यवस्था भए नभएको सुनिश्चित गर्ने ।

(६) संस्थाले प्रतिवेदन वा सूचना दिनका लागि उपयुक्त सूचना प्रविधि प्रणाली र सोसम्बन्धी कार्यविधि तर्जुमा गरी समयमै प्रतिवेदन पेश गर्ने व्यवस्था निश्चित गर्ने ।

(७) संस्थाले जोखिमका आधारमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा गनुपर्ने कार्यक्रमहरू तय गरी उक्त कार्यक्रमहरू आफ्नो वार्षिक वजेट तथा कार्यक्रममा समावेश गर्नु पर्नेछ ।

९. विद्युतीय माध्यमबाट सूचना दिनु पर्ने

लघुवित्त वित्तीय संस्थाले वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्ने सीमा, शंकास्पद कारोवार/गतिविधिको प्रतिवेदन (TTR/STR/SAR) तथा अन्य सूचना वा विवरणलाई विद्युतीय माध्यमबाट पेश गर्नका लागि सूचक संस्थाको कोर सिस्टम वा अन्य विद्युतीय माध्यममा ग्राहकका विवरण समयमै अद्यावधिक गरी नियमावलीको नियम १४ अनुसार इकाईले तोके बमोजिम अनिवार्य रुपमा विद्युतीय माध्यम (goAML Software System) मार्फत पेश गर्नु पर्नेछ ।

१०. वायर स्थानान्तरण सम्बन्धी कार्य गर्न सक्ने

लघुवित्त वित्तीय संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७ ठ. बमोजिम हुने गरी वायर स्थानान्तरण सम्बन्धी कार्य गर्न सक्नेछ । तर आवश्यक विवरणहरु नखुलेको वायर स्थानान्तरण सम्बन्धी कारोबार शंकास्पद लागेमा त्यस्तो वायर स्थानान्तरणलाई अस्वीकार वा स्थगित गरी तत्काल सम्बन्धित निकायमा जानकारी गराउनु पर्नेछ ।

११. निरन्तर अनुगमन गर्नु पर्ने

लघुवित्त वित्तीय संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७ भ. बमोजिम ग्राहक तथा कारोबारको निरन्तर अनुगमन (Ongoing Due Diligence) गर्नु पर्नेछ ।

१२. सीमा कारोबार विवरण (Threshold Transaction Report - TTR) सम्बन्धमा

(१) लघुवित्त वित्तीय संस्थाले कुनै व्यक्ति वा संस्थाले ऐनको दफा १० क. बमोजिम देहायका सीमा (Threshold) भन्दा बढी स्वदेशी वा विदेशी मुद्राको कारोबार गरेमा त्यस्तो कारोबारको विवरण कारोबार भएको मितिले १५ दिनभित्र goAML Software मार्फत वित्तीय जानकारी इकाईमा उपलब्ध गराउनु पर्नेछ र देहायका कारोबारका लागि छुट्टा छुट्टै TTR (Threshhold Transaction Reporting) (अनुसुची १८.२) पेश गर्नु पर्नेछ ।

(क) एकै पटक वा पटक पटक गरी एक दिनमा कुनै खातामा गरिएको रु.१० लाख वा सो भन्दा बढी रकमको नगद जम्मा कारोबार वा, एकै पटक वा पटक पटक गरी एक दिनमा कुनै खाताबाट गरेको रु.१० लाख वा सो भन्दा बढी रकमको नगद खर्च कारोबार,

(ख) कुनै ग्राहकले एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको रु. १० लाख वा सो भन्दा बढी रकम बराबर नेपालको सीमा वारपार हुने गरी गरेको विद्युतीय वा अन्य स्थानान्तरण,

(ग) कुनै ग्राहकले एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको रु. ५ लाख वा सो भन्दा वढी रकमको नगदमा सटही गरिएको विदेशी मुद्रा कारोबार ।

(२) यस बुँदामा जुनसुकै उल्लेख भए तापनि लघुवित्त वित्तीय संस्थाले संस्थागत रुपमा आफैं वा इजाजतपत्रप्राप्त अन्य बैंक तथा वित्तीय संस्था वा सरकारी निकायसँग गरेको कारोबार, इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्नो ग्राहकलाई प्रचलित कानुन बमोजिम कर्जा वा सुविधा प्रदान गरेको कारोबार, संस्थाले आफ्ना कर्मचारीलाई दिएको सेवा सुविधा वापतको कारोबारको विवरण नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाईमा पठाउन आवश्यक हुने छैन । तर छुट दिइएका यी कारोबारहरुको हकमा शंकास्पद कारोबारको पहिचान गर्न र सो बमोजिमको विवरण तयार गरी वित्तीय जानकारी इकाईमा पठाउन छुट दिइएको मानिने छैन ।

(३) रु.१ लाख वा सोभन्दा बढीको वचत/निक्षेप स्वीकार गर्दा लघुवित्त वित्तीय संस्थाले ग्राहकलाई रकमको स्रोत उल्लेख गर्न लगाउनु पर्नेछ ।

१३. शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन (Suspicious Transaction/Activity Reports - STR/SAR) सम्बन्धी व्यवस्था

(१) लघुवित्त वित्तीय संस्थाले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७ढ. को उपदफा (१) मा उल्लेखित खास कारोबारको सम्बन्धमा शंकास्पद कारोबार पहिचान गर्ने प्रणालीको विकास गर्नु पर्नेछ ।

(२) शंकास्पद कारोवारको पहिचान, प्रतिवेदन लगायतका व्यवस्था अवलम्बन गर्दा जोखिमको मूल्याङ्कन, ग्राहक पहिचान, कारोवार र जोखिममा आधारित प्रणालीको आधारमा गर्नु पर्दछ । शंकास्पद कारोबार/गतिविधिलाई लघुवित्त वित्तीय संस्थाले प्रारम्भिक विश्लेषण गरी पेश गर्नुपर्नेछ ।

(३) ऐनको दफा ७ध. बमोजिमको अवस्थाहरु विद्यमान भएमा शंकास्पद कारोबार प्रतिवेदन (Suspicious Transaction Report - STR) (अनुसुची १८.३), goAML (Production Environment) मार्फत् वित्तीय जानकारी इकाईसमक्ष पेश गर्नु पर्नेछ ।

(४) लघुवित्त वित्तीय संस्थाले ग्राहकद्वारा शंकास्पद कारोबार गर्ने प्रयास र निजको शंकास्पद गतिविधिको समेत पहिचान गर्ने प्रणाली विकास गर्नुपर्नेछ । साथै ऐनको दफा ७ध(२) बमोजिम ग्राहकले कुनै कारोबार गर्ने प्रयास मात्र गरेमा समेत शंकास्पद गतिविधि प्रतिवेदन (Suspicious Activity Report - SAR),(अनुसुची १८.३), goAML (Production Environment) मार्फत् ३ दिनभित्र वित्तीय जानकारी इकाईसमक्ष पेश गर्नु पर्नेछ ।

नोट :

(क) goAML मा पूर्ण रुपले आवद्ध नहुँदासम्म TTR/STR/SAR प्रतिवेदनहरु तोकिएको ढाँचामा goAML (Production Environment) को Message Board मार्फत Attach गरेर पेश गर्नु पर्नेछ ।

(ख) TTR/STR/SAR प्रतिवेदनहरु तयार गर्दा वित्तीय जानकारी इकाईले जारी गरेको 'STR/SAR Guidelines' तथा अन्य मार्गदर्शनहरुलाई आधार मान्नु पर्नेछ र 'goAML Operational Guidelines' को **पालना गर्नु**पर्नेछ ।

(५) कुनै ग्राहक सम्पत्ति शुद्धीकरण वा आतंकवादी क्रियाकलापमा संलग्न रहेको शंका लागी त्यस्तो ग्राहकको पहिचान प्रक्रिया अगाडी बढाउँदा शंका गरेको विषय ग्राहकलाई जानकारी हुने देखिएमा संस्थाले ग्राहक पहिचान प्रक्रिया अगाडि नबढाई शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन (STR/SAR) वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्नेछ ।

१४. सूचनाको गोप्यता कायम गर्नु पर्ने

लघुवित्त वित्तीय संस्थाका पदाधिकारी तथा कर्मचारीहरुले **ऐन, नियमावली** तथा यस निर्देशन बमोजिम तयार गरिएका प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना तथा जानकारी ग्राहक वा अन्य कुनै व्यक्तिलाई थाहा दिनु हुँदैन । कसैले ग्राहक वा अन्य कुनै व्यक्तिलाई कुनै प्रतिवेदन, कागजात, अभिलेख, विवरण, सूचना वा जानकारी उपलब्ध गराएको पाइएमा **ऐन** को दफा ३७ बमोजिम बचाऊ हुने अवस्थामा बाहेक अन्य अवस्थामा दफा ४४क. बमोजिम सजाय हुनेछ ।

१५. आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्था

(१) लघुवित्त वित्तीय संस्थाले ऐनको दफा ७ त. को उपदफा (३) बमोजिम ऐन, नियमावली र यस निर्देशनबमोजिमको दायित्व निरन्तर रुपमा पूरा गर्न व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी नियुक्त गरी निजको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, इमेल लगायतका विवरण वित्तीय जानकारी इकाई तथा लघुवित्त संस्था सुपरिवेक्षण विभागसमक्ष पेश गर्नु पर्नेछ । साथै, कार्यान्वयन अधिकारी परिवर्तन भएमा वा निजको कार्य विवरणमा परिवर्तन भएमा सो को समेत जानकारी पठाउनु पर्नेछ । यस्तो विवरण वित्तीय जानकारी इकाईमा पठाउँदा वा अद्यावधिक गर्दा goAML (Production Environment) मार्फत् गर्नुपर्नेछ ।

निजले उपरोक्त ऐन तथा नियमावली र यस निर्देशनबमोजिमको कार्य प्रभावकारी रुपमा गर्न नीति, कार्यविधि र प्रणाली मस्यौदा तर्जुमा गरी पेश गर्ने, विभाग, पदाधिकारी तथा कर्मचारीबाट ऐन, नियमावली र यस निर्देशनबमोजिम प्राप्त अस्वाभाविक वा शंकास्पद कारोबारसम्बन्धी सूचना विश्लेषण तथा जाँचबुझ गर्ने तथा कानूनी व्यवस्थाको कार्यान्वयन भए/नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्ने Focal Person को रुपमा कार्य गर्नु पर्नेछ ।

**(२) कार्यान्वयन अधिकारीको नियुक्ति तथा शंकास्पद कारोबार प्रतिवेदन पठाउने सम्बन्धमा देहायबमोजिमको व्यवस्था गर्नुपर्नेछ ।**

**क) संस्थाले कार्यान्वयन अधिकारी नियुक्ति गर्दा निज सम्बन्धित नियमनकारी निकायका पदाधिकारी वा उच्च व्यवस्थापनका कर्मचारीको एकाघर परिवार वा नजिकको नातेदार नरहेको एकीन गर्नुपर्नेछ ।**

**ख) संस्थाले शङ्कास्पद कारोबारको प्रतिवेदन पठाउँदा त्यस्तो संस्थाको कार्यान्वयन अधिकारीको एकाघर परिवार वा नजिकको नातेदार को विवरण पठाउनुपर्ने भएमा निज बाहेक अन्य अधिकारीबाट प्रतिवेदन पठाउने व्यवस्था मिलाउनुपर्नेछ ।**

(२) ऐन, नियमावली र यस निर्देशनको पालना प्रभावकारी एवं परिणाममुखी बनाउनका लागि इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले आफ्नो चुक्तापूँजीको दुई प्रतिशतभन्दा बढी शेयर धारण गरेका शेयरधनी, सञ्चालक समितिका सदस्यहरु तथा उच्च व्यवस्थापन, कार्यान्वयन अधिकारी र AML/CFT Unit को कार्यमा प्रत्यक्ष तथा नियमित रुपमा संलग्न अन्य कर्मचारीहरुलाई क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जोखिमको आधारमा आफ्नो संस्थाको काम कारवाही, कार्य प्रकृति र ग्राहक सेवाको आधारमा शंकास्पद कारोवारको पहिचान सम्बन्धमा मार्गदर्शन तयार गरी लागु गर्ने र सामयिक रुपमा अद्यावधिक गर्नु पर्नेछ ।

(४) लघुवित्त वित्तीय संस्थाले यस निर्देशन अन्तर्गत तर्जुमा गरिएको नीति तथा कार्यविधिमा आतङ्कवादी क्रियाकलाप तथा आमविनाशकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा छुट्टै प्रावधान राख्नुपर्नेछ । साथै, ऐनको परिच्छेद ६ख. मा उल्लेखित व्यवस्था पालना हुने गरी आतङ्कवादी क्रियाकलाप तथा आमविनाशकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी सम्बन्धमा निरन्तर अनुगमन गर्नको लागि कार्यप्रणाली अवलम्बन गर्नु पर्नेछ ।

(५) इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाको सञ्चालक समिति, कार्यकारी प्रमुख तथा कर्मचारीहरूले पालना गनुपर्ने आचरण सम्बन्धमा आचार संहिता (Code of Conduct) तर्जुमा गरी लागू गर्नु पर्नेछ ।

१६. अभिलेख व्यवस्थापन सम्बन्धी व्यवस्था

लघुवित्त वित्तीय संस्थाले सम्पत्ति शुद्धीकरण ऐन, को दफा ७ द. र नियमावलीको नियम १८ बमोजिम तयार गरिएका विवरण, सूची, जानकारी, प्रतिवेदन, अभिलेख, सूचनाहरु पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ । साथै, उपरोक्त विवरणहरु आवश्यक परेको बखत तत्काल उपलब्ध गराउन सकिने गरी विद्युतीय माध्यममा समेत अभिलेख राख्नु पर्नेछ । यसरी राखेको अभिलेख कानुनी कारवाहीको सिलसिलामा प्रमाण स्वरुप प्रयोग गर्न सकिने गरी दुरुस्त राख्नु पर्नेछ ।

१७. कारवाही तथा सजाय सम्बन्धी व्यवस्था

(१) ऐन, नियमावली तथा यस निर्देशनको प्रभावकारी कार्यान्वयन नगर्ने लघुवित्त वित्तीय संस्था र त्यस्तो संस्थाका कर्मचारी तथा पदाधिकारीलाई सोही ऐन बमोजिम कारवाही हुनेछ ।

(२) उपबुँदा नं.१ बमोजिम कारवाही गर्दा ऐन, नियमावली तथा निर्देशनको पालना नभएको अवस्था, उल्लघंनको मात्रा र सो बाट पर्न सक्ने प्रणालीगत प्रभाव लगायतका विषयको गाम्भीर्यताका आधारमा यस बैंकले देहाय बमोजिमको कारबाहीहरु गर्न सक्नेछ ।

| **क.सं.** | **पालना नभएको व्यवस्था** | **कारवाही** |
|---|---|---|
| १ | नीति तथा कार्यविधि नभएमा | (क) पहिलो पटकका लागि स्पष्टीकरण सोधिने ।<br>(ख) दोस्रो पटकदेखि रु.१० लाख वा गाम्भीर्यताको आधारमा रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| २ | ग्राहक पहिचान सम्बन्धी व्यवस्था कार्यान्वयन नभएमा वा प्रभावकारी नभएमा | (क) पहिलो पटकका लागि स्पष्टीकरण सोधिने ।<br>(ख) दोस्रो पटकका लागि रु.१० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु.५० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |

| क.सं. | पालना नभएको व्यवस्था | कारवाही |
|---|---|---|
| ३ | जानीबुझी बेनामी वा काल्पनिक नाममा कारोबार गरेको पाइएमा | (क) रु.५० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |
| ४ | ऐनको परिच्छेद ६ख को व्यवस्था पालना भएको नपाइएमा | (क) पहिलो पटकका लागि रु.२० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु.५० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु.२ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने ।<br>(घ) पटक पटक प्रणालीगत समस्या भएमा कारोबार वा ब्यवसायमा आंशिक वा पूर्ण रोक लगाउने वा इजाजतपत्र निलम्वन वा खारेज गर्ने सम्मको कारबाही गर्ने । |
| ५ | उच्चपदस्थ व्यक्तिको पहिचान हुने प्रणालीको व्यवस्था नभएमा वा प्रभावकारी नभएमा | (क) पहिलो पटकका लागि रु.१० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु.२० लाख जरिवाना गर्ने ।<br>(ग) तेस्रो पटकदेखि रु.१ करोड वा गाम्भीर्यता अनुसार रु.५ करोडसम्म जरिवाना गर्ने । |
| ६ | वास्तविक धनीको पहिचान गर्ने, वृहत ग्राहक पहिचान गर्ने तथा ग्राहक पहिचान अद्यावधिक गर्ने व्यवस्था नभएमा वा प्रभावकारी नभएकमा | (क) पहिलो पटकका लागि रु.१० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु.२० लाख जरिवाना गर्ने ।<br>(ग) तेस्रो पटकदेखि रु.१ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| ७ | सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी समितिले तोकेको बमोजिम कार्य गरेको नपाइएमा | (क) रु.१० लाख वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |
| ८ | वायर ट्रान्सफर र रेमिटान्स गर्दा ग्राहकको पहिचान हुन नसकेमा | (क) रु.१० लाख वा कारोवार रकम जुन बढी हुन्छ सो बराबर वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |
| ९ | वायर ट्रान्सफर र रेमिटान्स गर्दा वास्तविक धनीको पहिचान हुन नसकेमा | (क) रु.२० लाख वा कारोवार रकम जुन बढी हुन्छ सो बराबर वा गाम्भीर्यता अनुसार थप । |
| १० | निरन्तर अनुगमन सम्वन्धी व्यवस्था नभएमा वा प्रभावकारी नभएमा | (क) पहिलो पटकका लागि रु.१० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकदेखि रु.२० लाख वा गाम्भीर्यता अनुसार थप जरिवाना गर्ने । |
| ११ | सीमा कारोबारको विवरण वित्तीय जानकारी इकाईमा | (क) पहिलो पटकका लागि रु.२० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु.५० लाख जरिवाना गर्ने । |

| क.सं. | पालना नभएको व्यवस्था | कारवाही |
|---|---|---|
| | तोकिएको समयमा पेश नगरेमा | (ग) तेस्रो पटकदेखि रु.१ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| १२ | शंकास्पद कारोबारको पहिचान गर्ने संयन्त्र/प्रणाली नभएमा वा प्रभावकारी नभएकमा तथा शंकास्पद कारोवार प्रतिवेदन तोकिएको ढाँचा र समयमा पेश नगरेमा | (क) पहिलो पटकका लागि रु.२० लाख जरिवाना गर्ने ।<br>(ख) दोस्रो पटकका लागि रु.५० लाख जरिवाना गर्ने ।<br>(ग) तेस्रो पटकदेखि रु.१ करोड वा गाम्भीर्यता अनुसार रु. ५ करोडसम्म जरिवाना गर्ने । |
| १३ | कार्यान्वयन अधिकारीको व्यवस्था नगरेमा | (क) रु.२० लाख जरिवाना गर्ने । |
| १४ | सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी समितिले पेश गर्नुपर्ने प्रतिवेदन समयमा पेश नगरेमा तथा संचालक समितिले गर्नुपर्ने समीक्षा नगरेमा | (क) पहिलो पटकका लागि स्पष्टीकरण सोधिने ।<br>(ख) दोस्रो पटकका लागि रु.१० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु.५० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |
| १५ | संस्थागत तथा कर्मचारीको क्षमता अभिवृद्धि नगरेमा | (क) पहिलो पटकका लागि स्पष्टीकरण सोधिने ।<br>(ख) दोस्रो पटकका लागि रु.१० लाख जरिवाना गर्ने ।<br>(ग)तेश्रो पटकदेखि रु.२० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |
| १६ | तोकिएका विवरणहरुको अभिलेख नराखिएमा वा तोकिएको समयसम्म सुरक्षित नराखिएमा | (क) पहिलो पटकका लागि स्पष्टीकरण सोधिने ।<br>(ख) दोस्रो पटकका लागि रु.१० लाख जरिवाना गर्ने ।<br>(ग) तेश्रो पटकदेखि रु.२० लाख वा गाम्भीर्यरता अनुसार थप जरिवाना गर्ने । |

१८. खारेजी र बचाऊ :

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशन नं. १८/०७९ मा भएको सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था तथा सो पश्चात् मिति २०८१ पुस मसान्तसम्म जारी भएका यसै विषयसँग सम्बन्धित सम्पूर्ण परिपत्रहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन तथा परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची १८.१

**<u>व्यक्तिगत ग्राहक पहिचान तथा सोको सम्पुष्टी गर्दा लिनु पर्ने कागजात तथा विवरणहरु</u>**

लघुवित्त वित्तीय संस्थाहरुले व्यक्तिगत खाता खोल्दा ग्राहकको प्रकृति अनुसार देहायका विवरण तथा कागजातहरु लिनु पर्नेछ ।

(क) व्यक्तिगत खाता (नेपाली नागरिकको हकमा)

(१) (क) नाम, थर

(ख) लिङ्ग :

(२) जन्ममिति :

(३) राष्ट्रियताः

(४) ठेगानाः

<u>स्थायी ठेगाना :</u> प्रदेश........... जिल्ला.............. न.पा./गा.पा................ वडा नं.... टोल/गाँउ..........घर नम्बर........... टेलिफोन नं.................मोवाइल नं.....................इमेल ठेगाना......................

<u>हालको ठेगाना :</u> प्रदेश...........जिल्ला.............. न.पा./गा.पा................. वडा नं.... टोल/गाँउ..........घर नम्बर........... टेलिफोन नं.................मोवाइल नं.....................इमेल ठेगाना......................

(५) देहायबमोजिमको न्यूनतम एक विवरण र सोको सम्पुष्टि गर्ने कागजात

क. नागरिकता : नागरिकता नं..........जारी गर्ने जिल्ला............... जारी मिति................

**<u>ख. राष्ट्रिय परिचयपत्र</u>**

**<u>राष्ट्रिय परिचयपत्र</u> नं...........जारी मिति..........**

ग. राहदानीः राहदानी नं.............जारी गर्ने जिल्ला............... जारी मिति......... अन्तिममिति .....................

घ. मतदाता परिचयपत्रः परिचयपत्र नं...........जारी गर्ने निकाय.................जारी मिति................

ङ. सवारी चालक अनुमतिपत्रः अनुमतिपत्र नं.........जारी गर्ने निकाय..................जारी मिति......... अन्तिममिति......................

(६) नावालकको हकमा

क. जन्मदर्ता प्रमाणपत्र वानावालक परिचयपत्र प्रमाणपत्र/परिचयपत्र नं.............. जारी गर्ने निकाय................. जारी मिति................

ख. अभिभावक वा संरक्षकको नागरिकता/**राष्ट्रिय परिचयपत्र**/राहदानी/मतदाता परिचयपत्र/सवारी चालक अनुमतिपत्र नम्बर.......... जारी गर्ने निकाय............. जारी मिति............ अन्तिममिति ................

(७) नागरिकता नलिएको नेपाली नागरिकको हकमा

क.गाउँपालिकावामहा/उपमहा/नगरपालिकाको सिफारिस सिफारिस/चलानी नं.................जारी गर्ने निकाय...................... जारी मिति................

(८) स्थायी लेखा नम्बर (उपलब्ध भएको/अन्य निर्देशनबमोजिम आवश्यक भएको हकमा मात्र):

(९) आमाबाबु वा आमा वा बाबु मध्ये कुनै एकको पूरा नाम (अनाथको हकमा आवश्यक नपर्ने) (नोटः परिवारका अन्य सदस्यहरु (जस्तै पति/पत्नि, बाजे, छोरा, छोरी, बुहारी, दाई, भाई, विवाहित महिलाको हकमा ससुरा/सासु)को विवरण लघुवित्त वित्तीय संस्थाले आवश्यक ठानेको खण्डमा लिन सक्नेछन्।)

(१०) संलग्न रहेको पेशा/व्यवसायः (संस्थाको नाम, ठेगाना, सम्पर्क नं., पद, अनुमानित वार्षिक आम्दानी/पारिश्रमिक तथा अन्य विवरण)

(११) निवेदकले संलग्न गर्नुपर्ने कागजातहरु :

(अ) नागरिकता वा **राष्ट्रिय परिचयपत्र** वा राहदानी वा मतदाता परिचयपत्र वा सवारी चालक अनुमतिपत्र वा स्थायी लेखा नम्बरको प्रमाणपत्र वा सरकारी, सार्वजनिक संस्थातथा संगठित संस्थाका नेपाली कर्मचारीको हकमा निजको कर्मचारी परिचयपत्र वा नेपाल सरकारबाट अनुदान प्राप्त विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयका कर्मचारी, शिक्षक वा प्राध्यापकको हकमा निजको कर्मचारी/शिक्षक/प्राध्यापक परिचयपत्रको छविचित्र

(आ) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो

(१२) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्यविवरण तथा कागजातहरु ।

**प्रष्टीकरण :**

(१) घर नं., टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना, राहदानी, पेशा व्यवसाय, स्थायी लेखानम्बर जस्ता विवरणहरु नभएका निवेदकको हकमा त्यस्ता विवरण उल्लेख गर्न अनिवार्य हुने छैन । तर सो विवरणहरु आफूसँग नरहेको व्यहोरा स्वघोषणा गराउनु पर्नेछ ।

(२) शरणार्थीको हकमा नागरिकताको सट्टा नेपाल सरकार वा अन्य आधिकारिक निकायले दिएको परिचय-पत्रको छबिचित्रलाई आधार लिन सकिनेछ ।

(३) नावालकको संरक्षक भई खाता संचालन गरिरहेको अवस्थामा सो नावालक वालिग भएपछि उक्त वालिगकै कागजात संलग्न गरी वालिगले नै खाता संचालन गर्नुपर्नेछ ।

अनुसूची १८.२

## Threshold Transaction Report (TTR)

For the period of ……………………………………………….

**Name of the Reporting Entitity (Microfinance Institution): ………………………………………………………………………………………………………**

| | (Mandatory) | (Mandatory) | (Mandatory) | (Mandatory) | (Mandatory) | (Mandatory in case of Natural person) | | | (Mandatory) | (Mandatory) | (Mandatory) | | | (Mandatory) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **S. N.** | **Name of Account(s)/Customer** | **Address of Customer** | **Citizenship No./Passport No./ other ID No./ Regd.No.** | **Issue / Reg. Date** | **Issue /Reg. Place** | **Father's Name** | **Grand Father's Name** | **Mother's Name** | **Date of Transaction** | **Branch** | **Account Number** | **Account Type** | **Nature of Transaction** | **Amount Involved** | **Source of Fund** | **Remarks** |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

*(Compliance Officer or Authorized Officer)*

Name:

Designation:

Phone :

Email:

Fax:

Date:

अनुसूची १८.३

**Suspicious Transaction Report (STR) / Suspicious Activity Report (SAR)**

| Please tick (√) in one of the following Report Type: - | |
|---|---|
| | **STR**(For Completed Suspicious Transaction) |
| | **SAR**(For Attempted Suspicious Transaction or Suspicious Activities) |

| **A. Reporting Institution :** | | |
|---|---|---|
| 1. | Name of the Institution *(Mandatory)*: | |
| | | |
| **B. Details of Customer :** | | |
| 1. | a. Name of the ccount(s)/Customer*(Mandatory)*:<br>b. Suspected beneficial owner(s): | a.<br>b. |
| 2 | a. Permanent Address*(Mandatory)*:<br>b. Present Address: | a.<br>b. |
| | c. Email ID: | c. |
| | | |
| 3. | Profession/Nature of business (As per KYC/KYM)*(Mandatory)*: | |
| | | |
| 4. | Nationality*(Mandatory)*: | |
| | | |
| 5. | Other account(s) number (if any): | |
| | | |
| 6. | Other business (if any): | |
| | | |
| 7. | a. CitizenshipNo./Passport No./ other ID No./Regd.No.*(Mandatory)*<br>b. Issue Date and Place*(Mandatory)*<br>c. Issuing Agency/Authority*(Mandatory)* | a.<br>b.<br>c. |
| | | |
| 8. | a. Father' Name *(Mandatory for natural person)*<br>b. Mother's Name<br>c. Spouse Name<br>d. Grand Father *(Mandatory for natural person)*<br>e. Chairman/MD/Proprietor*(Mandatory for Legal person)* | a.<br>b.<br>c.<br>d.<br>e. |
| 9. | Date of birth (Natural Person)/Date of establishment (Legal Person)*(Mandatory)*: | |

**C. Details of Customer:**

| | | |
|---|---|---|
| 1. | a. Account Number*(Mandatory)* | |
| | b. Branch | |
| 2 | Mobile number*(Mandatory)* | |
| 3. | Nature of Ownership: (Individual/ Proprietorship /Partnership/company/other, please specify) | |

| | | |
|---|---|---|
| 4. | Names of Proprietor/Directors/ Partners etc. (If any) | |
| 5. | Date of A/C opening | |
| 6 | Other account(s) number (Related Parties): | 1.<br>2.<br>3. |

**D. Transaction Details (Account wise)***(Mandatory in case of availability)*

| Account No. | Year | Total Dr. Trans. No. | Total Debit (Dr.) Amount | Total Cr. Trans. No. | Total Credit(Cr.) Amount | Closing Balance |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| **Total upto now** | | | | | | |

**E. Reasons for considering the transaction(s)/activities as unusual/suspicious?***(Mandatory)*

- Summary of suspicious transaction/activities: ……………………..………………………………………………
  ..……………………..…………………………………………..……………………………………..………………
  ……………………..…………………………………………………………………………………………….

- Analysis or Examination:
  ……………………………………..…………………………………………………………………
  ..……………………..…………………………………………..……………………………………..………………
  ……………………..…………………………………………………………………………………………….

- Possible Linkage:
  ……………………………………..………………………………………………………………….………
  ..……………………..…………………………………………..……………………………………..………………
  ……………………..…………………………………………………………………………………………….

**F. Suspected Predicate Offence:***(Mandatory)*
Summarize characterization of suspicious activity. Please specify the predicate offence (As per Act and FATF Guideline).

- **ML or TF or PF?***(Tick(√)in at least one box below)*

| | | | | | |
|---|---|---|---|---|---|
| | Money Laundering (ML) | | Terrorist Financing (TF) | | Proliferation Financing (PF) |

- **Possible Predicate Offence?** (Tick(√)in at least one or more boxes below)

| | | | |
|---|---|---|---|
| | Ancient monument conservation related | | Illicit trafficking in arms and ammunition |
| | Any kinds of sexual exploitation including the children | | Illicit trafficking in narcotic drugs and psychotropic substances |
| | Black marketing, consumer protection, competition, supply | | Illicit trafficking in stolen and other goods |
| | Citizenship, immigration and passport | | Insider Dealing and Market Manipulation in securities and commodities |
| | Communication, broadcasting, advertising related | | Kidnapping, illegal restraint, hostage taking |
| | Corruption and bribery | | Lottery, gambling, donation related |
| | Counterfeiting and piracy of products | | Money, banking, finance, foreign exchange, negotiable instruments, insurance, cooperatives related |
| | Counterfeiting of coin and currency | | Murder and grievous bodily injury |

| | | | |
|---|---|---|---|
| | Disruptive (terrorist) act and terrorism | | Participation in an organized crime and racketeering |
| | Election related | | Piracy |
| | Environmental Crime | | Real estate and property related |
| | Extortion | | Smuggling (including custom) |
| | Firm, partnership, company, association related | | Tax (including direct and indirect) |
| | Forest, National park and wild animals related crime | | Theft or robbery |
| | Forgery | | Trafficking in person and migrant smuggling |
| | Fraud | | Transportation, education, health, medicine, foreign employment related |

**Note:** *While reporting STR/SAR, if any particular offence(s) cannot be linked or if source of fund is not clear, then report should /tick* (√)**'Money Laundering'** *as an offence/indicator, below:*

| | |
|---|---|
| | Money laundering |

**G. Has the Bank/FI taken any action in this context? Give details.**

……………………………………………………………………………………………………………………………
…………….……..

**H. Attachments checklist:** *(Mandatory in case of availability)*

| SN | Please ick(√) | Particulars |
|---|---|---|
| 1 | | Citizenship/Passport /other ID **OR** Registration Certificate/PAN/VAT |
| 2 | | Account Opening form |
| 3 | | Updated KYC related documents |
| 4 | | Account Statement of last 2 years (in excel format) |
| 5 | | Person and Transaction Tree or Map (if any) |
| 6 | | Related/Adverse media news/reports and other relevant documents (if any) |
| 7 | | Other documents (*Mention:* ……………………………………………………………<br>…………………………………………………….) |

---

**(Compliance Officer or Authorized Signatory)**

………………………..
***Signature***
Name:
Designation:
Date:
Phone:
Email:

STAMP